बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, चितवन

भरतपुर, चितवन, नेपाल

**प. स. : २०८२/०८३ (वन व्यवस्थापन).**
**च. न.**

## काठ / दाउरा सिलबन्दी बोलपत्रद्वारा संकलन गरि घाटगद्धि गर्ने वारेको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति:- २०८२/११/१९**

यस कार्यालयको अर्न्तगतको भरतपुर सव डिभिजन वन कार्यालयको क्षेत्राधिकारधित्र पर्ने दियालो बंगालो वन क्षेत्रभित्र प्लट कायम गरि रितपुर्वक छपान मुल्याङ्कन भएको १ वटा प्लटको ढलापढा/सुखडखडा रुख सख्या ८९ को अनुमानित आयतन काठ ७७४५.९४ क्युफिट र दाउरा १८.८६ चट्टा कटान, मुछान, ढुवानी, पायलिङ्ग तथा दाउरा चट्टालगाई घाटगद्धि गराउने कार्य सिलबन्दी वोलपत्र प्रक्रीयावाट गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वोलपत्रको प्रतिस्पर्धामा वन पैदावारको कारोवार गर्ने उद्धेश्यले दर्ता भई डिभिजन वन कार्यालयमा सुचिकृत तथा अद्यावधिक भएको प्रमाण पत्र, रितपुर्वक फर्म दर्ताको प्रमाण पत्र, स्थाई लेखा न.(PAN) वा मुल्य अभिवृद्धिकर (VAT) दर्ताको प्रमाण पत्र र कर चुक्ताको प्रमाण पत्र भएको इच्छुक फर्म वा कम्पनील यो सूचना चितवन पोष्ट दैनिक पत्रिकामा मिति २०८२।११।१९ मा प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र सिलवन्दी बोलपत्र खरिद गरि बोलपत्र खरिद गरकै कार्यालयमा तोकिएको मिति र समयमा दाखिला गर्न आव्हान गरिन्छ ।

### तपसिल

**प्लटको विवरण :-**

| सि.न. | सव.डि.व.का. | प्लटको नाम | मुल्यांकन | | | | | | | लागत अनुमान जम्मा | किसिम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्लट नं | जात | रुख संख्या | नेट आयतनं(क्यू.फिटं) | लागत अनुमान रु. | जर्ना चट्टा | लागत अनुमान रु. | | |
| १ | भरतपुर | दियालो बंगाला | १ | साल | ६३ | ६६६० | ९३२३८८.८ | १४.९७ | २२६७६५.७ | ११५९१५४.५ | ढलापडा, सुखडखडा |
| | | | | सिसौ | २४ | ९५३.२ | १३३४४५.२ | ३.५२४ | ५३३७८.०३ | १८६८२३.२२ | |
| | | | | वो.ध | १ | ९७.४८ | १३६४७.२ | ०.२२ | ३३३२.३४ | १६९७९.५४ | |
| | | | | अन्य | १ | ३५.३६ | ४९५०.४ | ०.१४ | २१२०.५८ | ७०७०.९८ | |
| | | | | | ८९ | ७७४५.९४ | १०८४४३१.६ | १८.८५५ | २८५५९६.६ | १३७००२८.२ | |

१. **बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समय** :२०८२।१२।१८ गते कार्यालय समय भित्र सो दिन विदा परेमा सो को भोलिपल्ट ।

२. **बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय**

(क) अन्तिम मितिः २०८२/१२/१९ (ख) समयः दिनको १.०० बजेसम्म । सो दिन विदा परेमा सो को भोलिपल्ट ।

३.वोलपत्र डिभिजन वन कार्यालय, चितवन वा वन निर्देशनालय वाग्मती प्रदेश, हेटौडा वा वन तथा भु संरक्षण विभाग ववरमहल, काठमाण्डौमा प्रत्येक प्लटको छुट्टा छुट्टै खरिद र दाखिला गर्न सकिने छ ।

४.बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने धरौटी रकम राष्ट्रीय वाणीज्य बैंकमा रहेको प्रदेश लेखा नियन्त्रक ईकाइ कार्यालय, चितवनको खातामा खाता नं. १३१०१००२०२०३०००० मा डिभिजन वन कार्यालय चितवनको नामवाट कार्यालय कोड ३२९०१३१०१३ मा जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ । धरौटी रकम नगद पेश गर्न पाइने छैन ।

५. वैकं जमानत धरौटीको रुपमा पेश गरिएमा यस्तो जमानत कम्तिमा ६ महिनाको लागी हुनु पर्ने छ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
## डिभिजन वन कार्यालय, चितवन
भरतपुर, चितवन, नेपाल

प. स. : २०८२/०८३ (वन व्यवस्थापन).
च. न.

६. बोलपत्र फाराम प्रति प्लटको रु १०००/-( एक हजार) वा २०००/-पछि फिर्ता नहुने गरी तिरी डिभिजन वन कार्यालय, चितवन वा वन निर्देशनालय वागमती प्रदेश, हेटौडा वा वन तथा भु -संरक्षण विभाग ववरमहल, काठमाण्डौमा प्रत्येक प्लटको छुट्टा छुट्टै खरिद तथा दाखिला गर्न सकिनेछ ।

७. बोलपत्रवाट कटान भई उत्पादन भएको काठ दाउराको कटान तथा घाटगद्धि रजिष्टर र पन्धरोजामा उल्लेखित वमोजिमको परिमाणलाई वोलपत्रमा सकार गरेको प्रतिक्यु फिट काठ र प्रतिचट्टा दाउरा वमोजिमको दर रेटको आधारमा सम्वन्धित सव डिभिजन वन कार्यालयवाट कार्य सम्पन्न भएको भनि लगत प्रमाणित गरि सिफारिस भई आए वमोजिम भुक्तानी हुने छ ।

८. बोलपत्रमा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र स्थाई लेखा न.(PAN) वा मुल्य अभिवृद्धिकर (VAT) दर्ताको प्रमाण पत्र प्रतिलिपि वोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

९. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू वन निर्देशनालय वाग्मती प्रदेश, हेटौडा र वन तथा भु संरक्षण विभाग ववरमहल, काठमाण्डौवाट समेत आईसके पछि साक्षीहरूको रोहवरमा खोलिने छ (रित नपुगेका बोलपत्रमाथि कुनै कारवाही गरिने छैन ) ।

१०. वोलपत्र स्विकृत भएको जानकारी प्राप्त भएको ७ (सात) दिन भित्र संझौता गरि रितर्पुक वन पेशी पुर्जि लिई तोकिएको प्लटमा कार्य प्रारम्भ गर्नु पर्ने छ ।

११. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइने छ र काठ कटान मुछान, ढुवानी र पाइलिङ्ग तथा दाउरा कटान मुछान ढुवानी र चट्टा लगाउने कार्यको प्रति क्युफिट र प्रति चट्टाको सकार अंक वोलपत्रमा अलग अलग खुलाई पेश गर्नु पर्ने र दुवैको प्रति इकाई संकलन खर्चको सवैभन्दा कम अंकको आधारमा वोलपत्र तुलना गरिने छ ।

१२. वोलपत्रहरु प्लट अनुसार पुर्ण वा आंशिक सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१३. काठ /दाउरा कटान मुछान, ढुवानी तथा घाटगद्धि सम्वन्धिमा अन्य व्यवस्था वन ऐन २०७६, वन नियमावली २०७९ तथा काठ दाउरा संकलन तथा विक्री वितरण निर्देशिका २०७३, शंसोधन सहितमा उल्लेख भए वमोजिम हुने छ ।

१४. अन्य सुचनामा नखुलेका विषयहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) वमोजिम हुनेछ ।